नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय डडेल्धुरा

फोन न. ०९६-४१०१७१
फ्याक्स. ०९६-४१०१७१
email: dadeldhura@dolma.gov.np

प.सं. : २०८१/०८२
चं.नं. :

मिति : २०८१/०४/०२

## विषय : भू-सेवा केन्द्र संचालन अनुमति सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा भू-सेवा केन्द्र स्थापना तथा संचालनको लागि मालपोत नियमावली २०३६ नियम २३(क) र (ख) बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ (संसोधन सहित) को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय तहहरुले अनुमति लिनको लागि मिति २०८१/०४/०२ देखि ऐ.ऐ. मसान्तसम्म https://public.dolma.gov.np मार्फत अनलाइन निवेदन भरी सो संग सम्बन्धित सक्कल कागजात यस कार्यालयमा पेश गर्न हुन भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ (संसोधन सहित) को दफा ४ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) भू-सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपसिल अनुसार हुनेछ ।

| **व्यक्तिको हकमा** | **रजिष्टर्ड संस्थाको हकमा** | **स्थानीय तहको हकमा** | **कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा** | **साधारण प्रयोगकर्ताको हकमा** |
|---|---|---|---|---|
| (क) नेपाली नागरिक ।<br>(ख) अठार वर्ष उमेर पुरा भएको ।<br>(ग) कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>(घ) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>(ङ) सेवाकेन्द्र संचालनको लागि भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएको ।<br>(च) नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धि कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | (क) प्रचिलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको ।<br>(ख) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई अठार वर्ष उमेर पुरा भएको ।<br>(ग) संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको ।<br>(घ) प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको ।<br>(ङ) कर चुक्ताको प्रमाणपत्र<br>(च) सेवाकेन्द्र संचालनको लागि भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएको । | (क) भू-सेवा केन्द्र संचालन गर्ने जनशक्ति र भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएको । | (क) कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएको ।<br>(ख) नेपाली नागरिक ।<br>(ग) प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।<br>(घ) करचुक्ताको प्रमाण पत्र भएको ।<br>(ङ) भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएको । | (क) प्रयोगकर्ताको नाममा जग्गाधनी प्रमाण पूर्जा भएको ।<br>(ख) आफ्नो नाममा भएका कित्ताको विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको । भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको जग्गाधनी फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले सम्बन्धित कार्यालयमा गई डाटा अद्यावधिक गराउनु पर्नेछ । |

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय डडेल्धुरा

फोन न. ०९६-४१०१७१
फ्याक्स. ०९६-४१०१७१
email: dadeldhura@dolma.gov.np

(२) भू-सेवा केन्द्र संचालनको लागि भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ (संसोधन सहति) को दफा ७ मा तोकिए बमोजिम आवश्यक पूर्वाधारहरु :

(क) कम्प्युटर
(ख) प्रिन्टर
(ग) ब्याकअप सिस्टम
(घ) स्क्यानर
(ङ) भू-सूचना प्रणालीसंग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाईस र फिङ्गर प्रिन्ट डिभाईस
(च) Internet Connectivity कम्तीमा २/२ Mbps को Dedicated Line भएको ।

(३) अनुमति पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धि व्यवस्था :

(क) साधारण प्रयोगकर्ताले यूजर एकाउण्ट खोल्नको लागि सम्बन्धित कार्यालयमा ५००।-पाँच सय रुपैया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि १००।- एक सय रुपैया दस्तुर बुझाउनु पर्नेछ । साधारण प्रयोगकर्ताले यूजर एकाउण्ट नवीकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वतः निष्कृय हुनेछ ।
(ख) भू-सेवा केन्द्र सम्बन्धि अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछ :
(१) ब्यक्तिको हकमा रु. ३,०००।- तीन हजार रुपैया ।
(२) संस्थाको हकमा रु. ५,०००।- पाँच हजार रुपैया ।
(३) उक्त दस्तुर यस कार्यालयको कोड नं. 336017501 राजश्व शिर्षक 14229 मा जम्मा गरी बैंक दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।
(४) भू-सेवा केन्द्र संचालनको लागि अनुमति लिन चाहने ब्यक्ति वा संस्थाले रा.वा. बैंकमा रहेको को.ले.नि.का.को खाता नं. 4020100102030000 - KA-2-3: DHARAUTI A/C Ko.LE.NI.KA मा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्नेछ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
(क) ब्यक्तिको हकमा रु. ५०,०००।- पचास हजार रुपैया ।
(ख) संस्थाको हकमा रु. २,००,०००।- दुई लाख रुपैया ।
(ग) स्थानीय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।
(घ) भू-सेवा केन्द्र संचालन अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

(४) बैंक, वित्तीय संस्था, सहकारी संस्थाहरुले धितो बन्धक, रोक्का, फुकुवा प्रयोजनका लागि आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाईन निवेदन पेश गरी अनुमति लिन सक्नेछन । प्रधान कार्यालयले अनुमति प्राप्त गरि सकेपछि आफ्ना शाखा कार्यालयहरुलाई यूजर वितरण गर्न सक्नेछन् ।

(५) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा भू-सेवा केन्द्र संचालन निर्देशिका २०७६ (संसोधन सहित) बमोजिम हुनेछ ।

..................
कमलापति भट्ट
कार्यालय प्रमुख

बोधार्थ :
श्री भूमि ब्यवस्थापन तथा अभलिेख विभाग
(भू-सूचना तथा प्रविधि शाखा)
बबरमहल, काठमाण्डौं ।